सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक २५ ♦ २०८३ साल कार्तिक १६ सोमवार ♦ 2 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

जनकपुरको लगातार दोस्रो जित





खबर दर्पण समाचारदाता

कार्तिक १५ गते, बर्दिवास

जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग क्रिकेटमा लगातार दोस्रो विजय हात पारेको छ । तीन वर्ष अघि पहिलो संस्करण विजेता जनकपुरले आइतबार पोखरा एभेन्जर्सलाई ९ रनले पराजित गरेको छ ।

तृतराज दासले अर्धशतक बनाएपछि टस हारेर ब्याटिङको निम्तो पाएको जनकपुरले निर्धारित २० ओभरमा ७ विकेट गुमाई १ सय ४७ रन बनाएको थियो । जवाफमा आएको पोखराले ९ विकेट गुमाई १ सय ३८ रनमात्र बनाउन सक्यो ।

पहिलो खेलमा कर्णाली याक्सँग १९ रनले पराजित जनकपुरले दोस्रो खेलमा काठमान्डु गोर्खाजमाथि ८ विकेटको प्रभावशाली विजय हात पारेको थियो । पोखराको यो लगातार दोस्रो हार हो । टोली पहिलो खेलमा सुदूरपश्चिम रोयल्ससँग ६ विकेटले पराजित भएको थियो ।

त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा जनकपुरबाट तृतराजले ५५ बलमा सर्वाधिक ६१ रन बनाए । उनी ७ चौका र २ छक्का प्रहार गरी १८ औं ओभरमा मेहदी हसनको बलमा पोखराका कप्तान कुशल भुर्तेलबाट सानदार क्याच आउट भए ।

तृतराज र मोइन अलीले पावर प्लेको ६ ओभरमा विना क्षति ४५ रन जोडेर जनकपुरलाई उत्कृष्ट सुरुआत दिलाए । तर सातौं ओभरमा मोइन आउट भएसँगै जनकपुरको विकेट पनि झर्न सुरु भएको थियो भने र नमा पनि अंकुश लागेको थियो ।

मोइन २१ रनमा आउट भएका छन् । दुई विश्वकप जितेका इंग्लिस खेलाडी उनी ३ चौका र १ छक्का प्रहार गरी शकिब अल हसनको बलमा बोल्ड भए । बंगलादेशी अलराउन्डर शकिबले उत्कृष्ट बलिङ गरे । आफ्नो ३ ओभरको पहिलो स्पेलमा ४ रनमात्र खर्चेर ३ विकेट लिएका थिए । उनले कुल ४ ओभरमा १५ रन खर्चेर ३ विकेट लिए ।

शकिबले अर्का बंगलादेशका ब्याटर सेफ हसनलाई १ रनमा बोल्ड गरे भने जनकपुरका कप्तान हरमित सिंहलाई ९ र नमा पेभिलियन पठाए । अनिल साहले पनि ९ रनमात्र बनाउन सके । जिम्मी निसमले ११ बलमा ११ रनमात्र बनाउन सके ।

युवा ब्याटर अभिषेक तिवारी ११ बलमा २४ रन बनाई अविजित रहे । उनले १ चौका र २ छक्का प्रहार गरे । अमरसिंह रौटेला इनिङ्सको अन्तिम बलमा २ रनमा बोल्ड भए ।

पोखराबाट कप्तान कुशलले सर्वाधिक ३५ रन बनाए । उनले २४ बल खेली ५ चौका प्रहार गरे । दीनेश खरेल ३, मेहदी हसन ८, शकिब ९, अर्जुन घर्तीमगर ७ रनमा आउट भएका थिए । मोहम्मद सैफुद्धिनले खाता खोल्न सकेनन् ।

किरण ठगुन्ना ५ बल खेली २ चौका र १ छक्का प्रहार गरी १५ रनमा आउट भए । करुणार त्ने ४ र विपिन आचार्य १९ बलमा १ चौका प्रहार गरी २० रनमा आउट भए । विपिन खत्री १४ बलमा १७ र प्रतिक पोखरेल २ रनमा अविजित रहे ।

जनकपुरबाट मोइन अलीले ३ विकेट लिए । उनले ४ ओभरमा १ मेडन राख्दै १३ रन खर्चे । हर मितले ४ ओभरमा २० र सैफ हसनले ४ ओभरमा ३६ रन खर्चेर २-२ विकेट लिए । निसम र ललितले १-१ विकेट लिए ।

महेन्द्रनगरमा मधेशकै पहिलो आकाशे पुल निर्माण , सञ्चालनको तयारी

खबर दर्पण समाचारदाता

कार्तिक १५ गते, बर्दिवास

जनकपुरधाम-ढल्केवर ६ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ । पुलमा रंगरोगन तथा सौन्दर्यकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याइने तयारी गरिएको छ ।

मधेश प्रदेशमै पहिलो पटक निर्माण गरिएका यी आकाशे पुल पैदल यात्रुको आवागमनलाई सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया, जनकपुरधामले जनाएको छ ।

सडकमा पैदल यात्रुको अत्यधिक चाप हुने क्षीरेश्वरनाथ नगर पालिका-५ स्थित महिला विकास चोक र सखुवा चोक र लक्ष्मनिया गाउँपालिकामा करिब १० करोड ५० लाख रुपैयाँको लागतमा तीन वटा आकाशे पुल निर्माणको योजना अघि बढाइएको थियो । तीमध्ये महेन्द्रनगरका दुई वटा पुलको निर्माण सम्पन्न भइसकेको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर दरोगा प्रसाद साहले जानकारी दिनुभयो ।

उहाँका अनुसार सोही सडकखण्डअन्तर्गत लक्ष्मीनिया गाउँपालिकामा निर्माण भइरहेको तेस्रो पुलको काम पनि तीव्र गतिमा अघि बढेको छ । उक्त पुलको निर्माण मङ्सिर मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो ।

निर्माण लागतअनुसार महिला विकास चोकमा रहेको पुलका लागि तीन करोड ३५ लाख, सखुवा चोकको पुलका लागि तीन करोड ५७ लाख र लक्ष्मीनियामा निर्माणाधीन पुलका लागि तीन करोड ४२ लाख रुपैयाँ विनियोजन गरिएको छ । तीनवटै पुलको लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहितको हो । दुई फरक निर्माण कम्पनीमार्फत पुल निर्माण भइरहेको कार्यालयले जनाएको छ ।

सडक डिभिजन कार्यालयका साइट इन्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक आकाशे पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर रहेको छ । पुल सञ्चालनमा आएपछि पैदल यात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने बाध्यता अन्त्य हुने उहाँले



बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पनि आकाशे पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम न्यूनीकरण हुने विश्वास व्यक्त गर्नुभयो । पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौं पैदल यात्रुको आवागमन हुने गरेको उहाँले बताउनुभयो । पुलको प्रयोगले पैदल यात्रुलाई सुरक्षित रूपमा सडक वारपार गर्न सहज हुने उहाँको भनाइ छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक

जनकपुर-अयोध्या : ओलीका पालामा बस, बालेनका पालामा १९ कोचको रेल







खबर दर्पण समाचारदाता

कार्तिक १५ गते, बर्दिवास

कुनै अन्यथा नभए आगामी मंसिर पहिलो सातादेखि भगवान रामको जन्मभूमि अध्योध्या (भारत) र सीता जानकी (सीता) को जन्मभूमि जनकपुर रेल सेवाबाट जोडिनेछन्।

मंसिर पहिलो साता हुने भनिएको (तर मिति तय भइनसकेको) प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा दुवै मुलुकका प्रधानमन्त्रीले संयुक्त रूपमा अध्योध्या-जनकपुर रेल सेवाको औपचारिक उद्घाटन गर्नेछन्।

जनकपुर-अयोध्यालाई जोड्ने रेल सेवा सञ्चालनबारे केही विषय टुङ्गो लाग्न अझै बाँकी रहे पनि रेलका कोच (डिब्बा) र रेल सञ्चालनको दिन भने टुङ्गो लागेको छ।

नेपाल रेलवे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीको भनाइमा, नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गरेपछि सञ्चालन हुने रेल सेवामा भारतीय कम्पनीका १९ कोच सञ्चालन हुनेछन्।

नेपाल आफैँसँग पनि रेल नभएको होइन, जनकपुर-जयनगरमा सञ्चालनमा रहेका दुई रेल नेपालको आफ्नै स्वामित्वमा छन्।

तर, जनकपुर-जयनगरमा नियमित रूपमा सञ्चालन गर्नुपर्ने र कोचको संख्यासमेत कम भएकाले भारतीय कम्पनीकै रेल जनकपुर-अयोध्या रुटमा सञ्चालन गर्ने योजना बनाइएको हो।

जनकपुर-जयनगरमा हाल सञ्चालनमा रहेका नेपालका दुईवटा रेल तीन-तीनवटाका दरले कोच (डिब्बा) बग्गी छन्। त्यसबाहेक रेल इन्जिनसँगै जोडिएको आधा भागमा समेत यात्रु बस्न मिल्ने हुनाले यात्रु बस्न मिल्ने डिब्बाको संख्या साढे तीन गणना गर्ने गरिएको छ।

प्रत्येक डिब्बामा ५६ सिट छन्। त्यसमध्ये एउटा डिब्बा एयर कन्डिसनयुक्त रहेको छ भने बाँकी साढे दुईवटा डिब्बामा रहेका सिट साधारण खालका छन्।

यी दुई रेलले प्रत्येक दिन विहान र अपराह्न जनकपुरदेखि जयनगर सम्म यात्रुसहित यात्रा गर्दै आएका छन्।

यसकारण भारतीय कम्पनीकै रेल

नेपाल आफैँसँग डिब्बासहितका दुईवटा रेल रहे पनि जनकपुर-अयोध्या मार्गको लामो दूरी, नेपाली रेलमा कम डिब्बा एवं सिट र यो रुटको अधिकांश भाग भारतीय भूमिमा पर्ने र सुरक्षासम्बन्धी चुनौतीका कारण भारतीय कम्पनीकै रेल सञ्चालन गर्न लागिएको हो।

सीताको जन्मभूमि जनकपुरदेखि रामको जन्मभूमि अयोध्या नियमित रेलमार्गले जोडिँदा दुवै धार्मिकस्थलको यात्रा गर्न चाहने यात्रुहरूको संख्या निकै ठूलो हुने अपेक्षा गरिएको छ।

त्यसैले, जनकपुर-अयोध्या रुटमा सञ्चालन हुने रेल १९ डिब्बायुक्त हुनेछ। सामान्ययता एउटा डिब्बामा ५६ सिट हुने भएकाले रेलले एकपटक जनकपुर-अयोध्या आवतजावत गर्दा झण्डै एक हजार यात्रु बोक्नेछ।

यात्रुहरूको भाडा रेल सञ्चालन गर्ने कम्पनीले नै तय गर्ने बताइएको छ। हालसम्मको सहमतिअनुसार, संयुक्त रूपमा दुवै प्रधानमन्त्रीले उद्घाटन गरेपछि विधिवतरूपमा सञ्चालनमा आउने रेल अयोध्याबाट प्रत्येक हप्ताको शनिवार जनकपुर आइपुग्नेछ।

आइतबार जनकपुरमै रहने रेल त्यहाँबाट सोमबार अयोध्यातर्फ प्रस्थान गर्नेछ।

रेल सेवा सञ्चालनका लागि गत भदौ तेस्रो साता दुवै मुलुकका अधिकारीहरूले जनकपुर-अयोध्यासम्मको रेलमार्ग हवाई निरीक्षणसमेत गरेका थिए।

रेलको यात्रु बोक्ने क्षमता, अयोध्याबाट जनकपुर आइपुग्ने र जनकपुर बाट अयोध्या प्रस्थान गर्ने मिति तय भए पनि सुरक्षा र भन्सारसम्बन्धी व्यवस्थापन कसरी गर्ने भन्ने अन्तिम टुङ्गो भने लागिसकेको छैन।

तर यो रुटमा यात्रा गर्नेहरू मूलतः धार्मिक तीर्थयात्रीहरू हुने र अन्तर देशीय रेल सेवा भएकाले दुवै देशका अधिकारीहरू सीमापारको क्रममा यात्रीहरूले सुरक्षा र भन्सारसम्बन्धी चेकजाँचका क्रममा झमेला महसुस गर्नु नपरोस् भन्नेमा सचेत छन्।

'सुरक्षा र भन्सार चेकजाँचका क्रममा यात्रीहरूले झमेला महसुस गर्नुपर्‍यो भने त्यसको सन्देश राम्रो जाँदैन' स्रोतले भन्यो, 'त्यसैले, उनीहरूले झमेला महसुस गर्नु नपर्ने गरी सुरक्षा र भन्सार जाँच कसरी गर्ने भन्ने विषयमा छलफल जारी छ।'

रेलवे विभागका पूर्वमहानिर्देशक रोहित विशुरालका भनाइमा, जनकपुर-अयोध्यालाई रेलमार्गले जोड्ने योजना केही वर्षअघि देखि नै बनेको थियो, तर विविध कारणले यसले मूर्तरूप पाउन सकेको थिएन।

'प्रधानमन्त्री बालेन्द्र शाहको भारत भ्रमणका क्रममा यो योजनाले मूर्तरूप पायो भने त्यो ठूलो उपलब्धि हुनेछ,' विशुरालले भने, 'सीताको जन्मभूमि र रामको जन्मभूमि एकै यात्राको क्रममा भ्रमण गर्ने तीर्थयात्रीहरूको चाहना एउटै भ्रमणबाट पूरा हुनेछ।'

जनकपुर-अयोध्या यातायात कनेक्टिभिटी

त्यसो त, जनकपुर-अयोध्या सिधा यातायात सम्पर्कबाट जोडिन लागेको यो नै पहिलो अवसर होइन। धार्मिक इतिहास र महत्त्व बोकेका नेपाल-भारतका यी दुई शहर ८ वर्षअघि नै सिधा यातायात सम्पर्कबाट जोडिएका छन्।

जनकपुर-अयोध्यालाई सिधा यातायातबाट जोड्ने कार्यको सुरुवात तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा गरेका थिए।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर भ्रमणमा आएको अवसरमा २१ वैशाख २०७५ (११ मई २०१८) मा तत्कालीन प्रधानमन्त्री ओली र भारतीय प्रधानमन्त्री मोदीले जनकपुर-अयोध्या बस सेवाको संयुक्त रूपमा उद्घाटन गरेका थिए।

खासमा त्यो बेला भारतको पर्यटन मन्त्रालयले स्वदेश दर्शन योजनाअन्तर्गत रामायण महाकाव्यसँग सम्बन्धित धार्मिक तीर्थस्थलहरूलाई सहज यातायात पहुँचबाट जोड्ने 'रामायण सर्किट' मार्फत जोड्ने योजना अघि बढाउँदै थियो।

जनकपुर सीताको जन्मभूमि भएको र यो 'सर्किट' मा सहभागी हुँदा जनकपुरको पर्यटनलाई लाभ हुने भएकाले त्यसमा नेपालले पनि सहभागिता जनाएको थियो।

नेपाल र भारतका यी दुई धार्मिक नगरी नियमित बस सेवाबाट जोडिएपछि नियमित रेल यातायातमार्फत पनि जोड्ने प्रयासको सुरुवात भयो।

जस्तो कि, २०८० को मध्यतिरका भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनकपुरलाई नयाँ दिल्लीसँग सिधा रेल यातायातले जोड्ने र त्यो रुट अयोध्या हुँदै नयाँ दिल्ली पुग्ने योजना बनाएको थियो।

खासमा जनकपुर-जयनगर रेल सेवालाई विस्तार गर्ने नेपालको चाहनाअनुसार यो योजना अघि सारिएको थियो।

दुई वर्षअघि अयोध्यामा नवनिर्मित राम मन्दिरको 'प्राण प्रतिष्ठा' समारोह आयोजना हुने भएपछि अस्थायी रूपमा नै भए पनि फेरि जनकपुर-अयोध्यालाई जोड्ने प्रयास नेपाली पक्षबाट भयो।

'प्राण प्रतिष्ठा' समारोहमा सहभागिताका लागि जनकपुरबाट २० डिब्बासहितको रेल लैजाने तयारी गरिएको थियो। जनकपुरबाट अयोध्या जाने रेलको टिकट बुकिङसमेत खुलाइएको थियो।

तर, जनकपुर-अयोध्यालाई रेलमार्गबाट जोड्ने दुवै योजनाले मूर्तरूप पाउन सकेनन्।

भारतले 'सुरक्षा सम्वेदनशीलता' महसुस गरेपछि यी दुई धार्मिक नगरीलाई रेलमार्गबाट जोड्ने उतिबेलाका प्रयास सफल भएनन्।

बालेनको भारत भ्रमण : नेपाललाई अवसर

यद्यपि, जनकपुर-अयोध्यालाई रेलमार्गले जोड्ने विषयमा दुई मुलुकका अधिकारीहरूबीचको बैठकमा यस विषयमा चर्चा भने हुँदै आएको छ।

जस्तो कि, २८-२९ जेठ (११-१२ जुन २०२६) मा काठमाडौंमा नेपाल-भारत सीमापार रेलमार्गसम्बन्धी परियोजनाको सञ्चालक समितिको दशौँ बैठक तथा संयुक्त कार्यदलको आठौँ बैठक सम्पन्न भयो। बैठकमा जनकपुर-अयोध्या खण्डमा यात्रुबाहक रेल सेवा सुरु गर्न आवश्यक स्टाण्डर्ड अपरेटिङ प्रोसेड्युअर्स (एसओपी) का विषयमा छलफल भएको थियो।

यसैगरी १९ भदौमा नेपाल र भारतका रेलवे, अध्यागमन, सुरक्षा र भन्सार अधिकारीहरूबीच रेलवेका विषयमा छलफल भयो। यो बैठकमा भन्सार जाँच, यात्रु सुविधा, रेल तथा यात्रुको सुविधा लगायतका विषयमा छलफल भएको थियो।

त्यसपछि दुवै देशका अधिकारीहरूले सीमापार रेलमार्गको हवाई निरीक्षण गरेका थिए।

नेपालीपक्ष प्रधानमन्त्री शाहको भारत भ्रमणमा देखिने खालको केही ठोस उपलब्धि होओस् भन्ने चाहन्छ। त्यसमध्ये नेपालको चाहना जनकपुर-अयोध्या रुटमा नियमित रेलको सञ्चालनसम्बन्धी विषय पनि छ।

र, यसप्रति भारतीयपक्ष पनि सकारात्मक देखिन्छ। त्यसैले, दुवै देशका अधिकारीहरू सुरक्षा र भन्सार जाँचसम्बन्धी विषयलाई कसरी सहज बनाउन सकिन्छ भन्ने सकारात्मक छलफलमा छन्।

अहिलेसम्मको स्थिति हेर्दा जनकपुर-अयोध्यालाई रेल यातायातले जोड्ने कार्यको प्रधानमन्त्री शाह र भारतीय प्रधानमन्त्री मोदीबाट उद्घाटन हुने पक्का जस्तै देखिन्छ।

अर्थात् ओलीका पालामा नेपाल-यी दुई धार्मिक नगरी सिधा बस यातायात सेवाबाट जोडिएका थिए। तिनै ओलीलाई झापाबाट हराएर प्रधानमन्त्री बनेका बालेनका पालामा चाहिँ रेल यातायात जोडिनेछन्।

-नेपालभ्युज

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महावीर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

सीप र श्रमले जोड्यो कटैयागाउँलाई बाँसका सामग्री उत्पादनमा

खबर दर्पण समाचारदाता

कार्तिक १५ गते, बर्दिवास

तराई-मधेशमा ढक्की, डालो, नाङ्लोलगायत बाँसका सामग्री बनाउने पेसा परम्परागत रूपमा डोम समुदायसँग जोडिँदै आएको छ । यो पेसा डोम समुदायको पुख्यौंली पेसा र जीविकोपार्जनको प्रमुख आधारसमेत हो । तर, पछिल्लो समय धनुषाको धनौजी गाउँपालिका-३, कटैयागाउँमा भने बाँसका सामग्री बनाउने पेसा कुनै एक समुदायमा मात्र सीमित छैन । यहाँ विभिन्न समुदायका मानिसले समेत यो पेसा अपनाएर जीविकोपार्जन गरिरहेका छन् ।

कटैयागाउँका मुखिया, मण्डल, यादव, चमार, मुस्लिम र साहलगायत समुदायका मानिस बाँसका सामग्री बनाउने काममा संलग्न छन् । सीप सिकेर बाँसका सामग्री निर्माण गर्न सके राम्रो आम्दानी गर्न सकिने भएपछि अन्य समुदायका मानिस पनि यस पेसातर्फ आकर्षित भएका हुन् ।

स्थानीय निर्धन मुखियाका अनुसार गाउँमा विभिन्न समुदायका करिब दुई सय जना बाँसका सामग्री बनाउने काममा संलग्न छन् । करिब डेढ सय घरपरिवारको बसोबास रहेको यस गाउँका अधिकांश घरपरिवारका सदस्य कुनै न कुनै रूपमा बाँसका सामग्री निर्माणमा जोडिएका छन् । उहाँले गाउँमा यो पेसा जातीय पहिचानभन्दा पनि सीप र श्रमसँग जोडिएको बताउनुभयो ।

“डोम समुदायले मात्र बाँसका सामग्री बुन्छन् भन्ने सोच सही होइन । सीप हुने र मेहनत गर्न सक्ने जोकोहीले यो काम गरेर आम्दानी गर्न सक्छन्,” मुखियाले भन्नुभयो ।

वर्षौंदेखि बाँसको चोयाबाट ढक्कीलगायत विभिन्न सामग्री बनाउँदै आउनुभएका स्थानीय अरबिन्दकुमार साह पनि यो पेसा जात र समुदायसँग मात्र सम्बन्धित नभएको बताउनुहुन्छ । उहाँका अनुसार कटैयागाउँमा डोम समुदायको तुलनामा अन्य समुदायका मानिस बढी संख्यामा बाँसका सामग्री बनाउने काममा संलग्न छन् । बाँसका सामग्री निर्माणबाट दैनिक राम्रो आम्दानी हुने गरेको बताउँदै साहले कुनै पनि कामलाई सानो ठान्न नहुने धारणा राख्नुभयो । “त्यसै बसिर हँदा कसैले दुई रुपियाँ दिँदैन । जुनसुकै काम भए पनि लाज मान्नुहुँदैन, काम गरेर खानुपर्छ,” उहाँले भन्नुभयो । यो पेसाबाट दिनभर काम गर्दा करिब एक हजार रुपियाँसम्म आम्दानी हुने गरेको उहाँले जानकारी दिनुभयो ।

कतिपय इष्टमित्रले अन्य व्यवसाय गर्न सुझाव दिने गरे पनि बाँसका सामग्री निर्माणबाट आफू सन्तुष्ट रहेको साहको भनाइ छ । आफ्नै सीप र मेहनतबाट आम्दानी गर्न सकिने भएकाले यो पेसा नछाडेको उहाँले बताउनुभयो । अहिले छठपर्व नजिकिएसँगै कटैयागाउँमा बाँसका सामग्री बनाउनेहरूको चटारो बढेको छ । छठपर्वमा ढक्की, डालो, नाङ्लोलगायत सामग्रीको माग र बिक्री बढ्ने भएकाले स्थानीय बासिन्दा बढी व्यस्त भएका हुन् । तर, यहाँ बाँसका सामग्री निर्माणको काम छठपर्वमा मात्र सीमित छैन । वर्षभरि बजारको



मागअनुसार विभिन्न प्रकारका सामग्री उत्पादन गरी बिक्री गर्ने गरिएको छ ।

गाउँमा उत्पादित सामग्री खरिद गर्न व्यापारीसमेत गाउँमै आउने गरेका छन् । यसले स्थानीय उत्पादकलाई बजार सम्म पुग्नुपर्ने झन्झट कम गर्नुका साथै नियमित आम्दानीको अवसर प्रदान गरेको छ ।

परम्परागत रूपमा डोम समुदायको पहिचान र जीविकोपार्जनसँग जोडिएको बाँसका सामग्री निर्माणको पेसा अहिले कटैयागाउँमा साझा सीप र रोजगारीको माध्यम बन्दै गएको छ । जातीय सीमाभन्दा माथि उठेर श्रम, सीप र उद्यमलाई प्राथमिकता दिँदै विभिन्न समुदायका मानिस यस पेसामा आबद्ध हुनु सामाजिक तथा आर्थिक परिवर्तनको उदाहरण समेत बनेको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं ।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

मटिहानी नगरपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं ।

औरही नगरपालिका, महोत्तरी

मधेस प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
यातायात व्यवस्था कार्यालय
बर्दिवास महोत्तरी नेपाल

सुचना सुचना सुचना

समयमा सवारी कर तिरी ट्राफिक जरिवानाबाट बचौं ।
सभ्य नागरिकको परिचय दिऔं ।

यातायात व्यवस्था कार्यालय, वर्दिवास, महोत्तरी

डेंगुबाट कसरी बच्ने?

- बाहुला भएको/शरीर ढाकिने लुगा लगाउने
- ढिउँसो सुत्दा पनि झुल प्रयोग गर्ने ।
- साना केटाकेटीलाई जुनसुकै समयमा झुलभित्र सुताउने ।
- लामखुट्टे भगाउने मलहम ढल्न पनि सकिन्छ।
- घरका झ्याल ढोकामा जाली लगाउने ।

डेंगुको उपचार के ?



डेंगु विरुद्धको कुनै औषधि नै बनेको छैन ।

- डेंगु लाग्दा चिकित्सकको उच्च निगरानीमा बस्नुको विकल्प नै छैन ।
- डेंगु लाग्दा मनलाग्दी औषधि सेवन गर्नुहुन्न ।
- एन्टिबायोटिकको प्रयोग झनै घातक हुन सक्छ ।

जलेश्वर नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

गौडाला नगरपालिका, महोत्तरी

स्वच्छ शहरः स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौः सुन्दर बनाऔं ।

रामगोपालपुर नगरपालिका, महोत्तरी

सवारी चालक अनुमति पत्र (लाइसेन्स) पालिकाको कार्यालयमा

खबर दर्पण समाचारदाता

कार्तिक १६ गते, बर्दिवास

यातायात व्यवस्था कार्यालय बर्दिवासले मधेश प्रदेशका सर्लाही, महोत्तरी, धनुषालगायत जिल्लाका सेवाग्राहीको सवारी चालक अनुमति पत्र (लाइसेन्स) पालिकाको कार्यालयमा पुऱ्याइ रहेको छ ।

छपाइ भएर आएका लाइसेन्स लिन सेवाग्राही कार्यालयसम्म धाउनु नपरोस् भन्ने उद्देश्यले सरकारको नीति अनुरूप यातायात व्यवस्था कार्यालयले पालिकाको कार्यालयमा पुगेर लाइसेन्स हस्तान्तरण गरिरहेको हो । सेवाग्राहीले आफ्नै पालिकाबाट लाइसेन्स प्राप्त गर्न थालिसकेका छन् ।

पालिकाको कार्यालयमा लाइसेन्स पुगेकोबारे यातायात व्यवस्था कार्यालय र पालिकाको कार्यालयहरूले सेवाग्राहीको नामावलीसहित सामाजिक सञ्जालमार्फत जानकारी प्रदान गर्दै आएको जनाइएको छ ।

कार्यालयका प्रमुख राकेश यादवका अनुसार सर्लाही, महोत्तरी र धनुषा जिल्लाका पालिकाहरूमा लाइसेन्स पुग्न थालिसकेको छ । कार्यालयको काम प्रभावित नहुने गरी बिदाको दिन शनिबार र आइतबार पारेर पालिकाहरूमा आफैँ पुगी पालिकाका प्रमुख तथा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलगायतलाई हस्तान्तरण गर्ने गरिएको कार्यालय प्रमुख यादवले जानकारी दिनुभयो ।

मधेश प्रदेशका तीन जिल्लामा मात्र नभइ आगामी दिनमा छिमेकी सिन्धुलीसहितका जिल्लाहरूमा समेत पालिकामै पुगेर लाइसेन्स हस्तान्तरण गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "लाइसेन्स नवीकरण नै अनलाइनबाट गर्न मिल्ने भएपछि सेवाग्राहीलाई थप सहजता होस् भनेर प्रिन्ट भएर आएका लाइसेन्ससमेत पालिकामै पुऱ्याउन थालेका छौं ।"

लालबन्दी नगरपालिका-७, डुमडुमेका भीमप्रसाद काफ्लेले पालिकामै लाइसेन्स पठाइदिने सरकारको नीति राम्रो लागेको बताउनुभएको छ । अनलाइनबाटै लाइसेन्स र ब्लूबुक नवीकरण गर्न पाउँदा सहज र छरितो महसुस भइरहेको काफ्लेको भनाइ छ ।

चालू आर्थिक वर्षको साउनभन्दा अघिका लाइसेन्स छापिएर आएका छन् । ती लाइसेन्स पालिकाकै कार्यालयमा लगेर हस्तान्तरण गर्ने गरिएको छ ।

यातायात व्यवस्था कार्यालयले पालिकामा ल्याएर हस्तान्तरण गर्ने लाइन्सेस सर्वसाधारणलाई वितरणका लागि सहजीकरण गर्न पालिकाहरूले आफ्ना कुनै एक कर्मचारीलाई जिम्मेवारी दिएका छन् । लालबन्दी नगरपालिकामा कार्यरत श्याम लामाले पालिकाले जिम्मेवारी दिए अनुसार आफूले अहिले कार्यालयमा लाइसेन्स लिन आउने सेवाग्राहीलाई सहजीकरण गरिरहेको बताउनुभयो ।

चालु आर्थिक वर्ष २०८३/८४ भन्दाअघि अर्थात् असारसम्म नवीकरण गरिएका लाइसेन्स छपाई भएर आएको र कार्यालयमा आएको केही दिनमै पालिकाहरूमा पठाउने काम भइरहेको यातायात व्यवस्था कार्यालय बर्दीवासले जनाएको छ ।

दस दिनदेखि बेपत्ता बालक झाको शव क्षतविक्षत अवस्थामा धान खेतमा फेला



खबर दर्पण समाचारदाता

कार्तिक १६ गते, बर्दिवास

धनुषाको नगराइन नगर पालिका-७ देवडिहाबाट दस दिनअघि बेपत्ता भएका सात वर्षीय बालक साकेत झाको शव क्षतविक्षत अवस्थामा फेला परेको छ ।

विजयादशमीकै दिन अर्थात् गत कार्तिक ४ गते घरबाट निस्किएपछि सम्पर्कविहीन भएका साकेतको शव शनिबार फेला परेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार बालक हराएको स्थानबाट करिब दुई किलोमिटर उत्तरतर्फ रहेको धान खेतमा क्षतविक्षत अवस्थामा शव फेला परेको छ ।

स्थानीय अजय झाका छोरा साकेत घरबाट निस्किएपछि परिवारजन र प्रहरीले निरन्तर खोजी गरिरहेका थिए । खोजीका क्रममा आसपासका गाउँबस्ती, पोखरी तथा झाडीहरूमा समेत अनुसन्धान गरिएको थियो ।

तर, दस दिनसम्म बालकको अवस्था अज्ञात रहँदै आएकोमा अन्ततः धान खेतमा शव फेला परेको प्रहरीले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । बालकको मृत्युको कारण तथा घटनाको वास्तविक परिस्थितिबारे विस्तृत विवरण आउन बाँकी छ ।

दशैंको खुसीयालीकै दिनदेखि बेपत्ता भएका बालकको शव फेला परेपछि देवडिहा गाउँ शोकमा डुबेको छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

सम्सी गाउँपालिका, महोत्तरी

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

मोनमा गाउँपालिका, महोत्तरी

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ बर्ष नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको स्पेनेट व्यवस्था भएको
- बिभिन्न रोगहरूको विशेषज्ञ डाक्टरहरूद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा



शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिबास, महोत्तरी

044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,